
बजेट, नीति तथा कार्यक्रम

आ.व. २०७८/०७९




हलेसी तुवाचुङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दुर्छिम, खोटाङ

आर्थिक वर्ष २०७८/२०७९ को नगर विकास योजना र बजेट, नीति तथा कार्यक्रम




हलेसी तुवाचुङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दुर्छिम, खोटाङ

नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)



संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

हलेशी तुवाचुङ नगरपालिका





श्री इवन राई
नगर प्रमुख



श्री विमला राई
नगर उप- प्रमुख



श्री रुद्रकुमार राई
अध्यक्ष, वडा -१



श्री हरिकुमार खड्का
अध्यक्ष, वडा -२



श्री भलाराज राई
अध्यक्ष, वडा -३



श्री किशोरकुमार बस्नेत
अध्यक्ष, वडा -४



श्री रमेश तिवारी खत्री
अध्यक्ष, वडा -५



श्री रमेशकुमार राउत
अध्यक्ष, वडा -६



श्री चइन्द्र राई
अध्यक्ष, वडा -७



श्री पृथ्वीराज राई
अध्यक्ष, वडा -८



श्री काशीराज राई
अध्यक्ष, वडा -९



श्री ज्ञानबहादुर पुरी
अध्यक्ष, वडा -१०



श्री सन्तोष खत्री
अध्यक्ष, वडा -११



श्री मन्जु कार्की
महिला सदस्य



श्री गंगादेवी दाहाल
महिला सदस्य



श्री सुमित्रा राई
महिला सदस्य



श्री रमा श्रेष्ठ
महिला सदस्य



श्री हल्कीमाया सार्की
दलित सदस्य



श्री जालबहादुर परियार
दलित सदस्य



श्री दिपक कुमार रहपाल
दलित सदस्य



श्री निर्पध्वज वि.क.
दलित सदस्य

हलेसी तुवाचुङ नगरपालिकाको प्रथम निर्वाचित पदाधिकारीहरु
(बहाली मिति २०७४ आषाढ २० गते)

१	श्री इवन राई	नगर प्रमुख
२	श्री विमला राई	नगर उप-प्रमुख
३	श्री रुद्र कु. राई	वडाध्यक्ष
४	श्री हरि कु. खड्का	वडाध्यक्ष
५	श्री भलाराज राई	वडाध्यक्ष
६	श्री किशोर कु. बस्नेत	वडाध्यक्ष
७	श्री रमेश तिवारी	वडाध्यक्ष
८	श्री रमेश कु.राउत	वडाध्यक्ष
९	श्री चईन्द्र राई	वडाध्यक्ष
१०	श्री पृथ्वीराज राई	वडाध्यक्ष
११	श्री काशीराज राई	वडाध्यक्ष
१२	श्री ज्ञान ब. पुरी	वडाध्यक्ष
१३	श्री सन्तोष खत्री	वडाध्यक्ष
१४	श्री मंजु कार्की बस्नेत	कार्यपालिका सदस्य
१५	श्री हल्कीमाया सार्की	कार्यपालिका सदस्य
१६	श्री गङ्गादेवी दाहाल	कार्यपालिका सदस्य
१७	श्री सुमित्रा राई	कार्यपालिका सदस्य
१८	श्री रमा श्रेष्ठ	कार्यपालिका सदस्य
१९	श्री निर्पध्वज वि.क.	कार्यपालिका सदस्य
२०	श्री जाल ब. परियार	कार्यपालिका सदस्य
२१	श्री दिपक कु.रहपाल	कार्यपालिका सदस्य
२२	श्री छन्दमाया दमाइ	दलित महिला सदस्य
२३	श्री फुलकुमारी वि.क.	दलित महिला सदस्य
२४	श्री प्रेमकुमारी वि.क.	दलित महिला सदस्य
२५	श्री कमला दमाइ	दलित महिला सदस्य
२६	श्री कुमारी परियार	दलित महिला सदस्य
२७	श्री धनलक्ष्मी कामी	दलित महिला सदस्य
२८	श्री खडगलक्षि वि.क.	दलित महिला सदस्य
२९	श्री हिमला वि.क.	दलित महिला सदस्य
३०	श्री सरस्वति दर्जी	दलित महिला सदस्य
३१	श्री पवित्रा वि.क.	दलित महिला सदस्य
३२	श्री मान कुमारी राई	महिला सदस्य
३३	श्री कमलकुमारी राई	महिला सदस्य
३४	श्री भद्रकला राई	महिला सदस्य
३५	श्री तारालक्षि राई	महिला सदस्य
३६	श्री शान्ति राई	महिला सदस्य
३७	श्री नन्दकुमारी श्रेष्ठ	महिला सदस्य
३८	श्री कोपिला कार्की	महिला सदस्य
३९	श्री वीरधन राई	सदस्य
४०	श्री शिव कु. कार्की	सदस्य
४१	श्री घनश्याम राई	सदस्य
४२	श्री निर्प ब. राई	सदस्य
४३	श्री कुल ब. राई	सदस्य
४४	श्री ज्ञानकुमार अधिकारी	सदस्य
४५	श्री भेष ब. खत्री	सदस्य
४६	श्री शेष कु. पौडेल	सदस्य
४७	श्री हर्कराज राई	सदस्य
४८	श्री फलामसिं राई	सदस्य
४९	श्री ठाकुरसिं आले मगर	सदस्य
५०	श्री दिपक कु. राई	सदस्य
५१	श्री डिल्ली कु. राई	सदस्य
५२	श्री निरज बस्नेत	सदस्य
५३	श्री खेमराज कार्की	सदस्य
५४	श्री राज ब. बुढाथोकी	सदस्य
५५	श्री गणेश पौडेल	सदस्य
५६	श्री भुमिश्वर राई	सदस्य
५७	श्री केशव श्रेष्ठ	सदस्य
५८	श्री पूर्ण ब. मगर	सदस्य
५९	श्री गोबिन्द ब. थापा	सदस्य
६०	श्री प्रदिप राई	सदस्य

नगर प्रमुखको भनाई



हामी नेपालको इतिहासमा संघीयता कार्यान्वयनको नविन अभ्यास गरिरहेका छौं । नगरपालिकाको संरचना नयाँ भएको कारण दरबन्दी अनुसार राष्ट्रसेवक कर्मचारीको अभाव, यस नगर सुख्खा क्षेत्र भएको र विकट भूगोलका कारण सिमित जनशक्ति, श्रोत र साधनले कार्य गर्नु पर्ने हुँदा नगरबासीको चाहाना, विकासका पूर्वाधारप्रति चाहे अनुरूप कार्य गर्न सकिएको छैन । यद्धपि भएका सिमित श्रोत साधनलाई उपयोग गर्दै नगर सभाबाट नगरस्तरीय योजनाको रूपमा नगरलाई उज्यालो नगर घोषणा गरी कार्य गरिरहेको, प्रत्येक ११ वटै वडाहरूलाई नगरपालिकासम्म जोड्ने सडक निर्माण गरी सडकको विस्तार तथा स्तरोन्नति गरी रहेकाछौं । शिक्षा तर्फ विद्यालयहरूको गुणस्तरीय शैक्षिक सुधार गरी विद्यालयहरूमा इन्टरनेटको सहज पहुँच, ई-हाजिरी जडान जस्ता कार्य गरी रहेकाछौं। नगरका ११ वटै वडाहरूमा फुसको छाना भएका नगरवासीको घरहरूमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत जस्तापाताको छाना लगाउन प्रति घर रु.५००००.०० का दरले चालु आर्थिक वर्ष २०७७/२०७८ देखि कार्य प्रारम्भ गरिएको छ/आ.ब.२०७८/२०७९ देखि २०७७ श्रावण १ गतेबाट जन्म भएका नगरपालिका भित्रका बालिकाहरूको लागि शिक्षा, स्वास्थ्य तथा उचित पालनपोषणमा सहयोग होस् भन्ने अभिप्रायले रु.४०००/-को दरले बैंकिंग प्रणालीबाट बालिका बचत कार्यक्रम सञ्चालन गर्ने कार्यको शुरुवात गरेकाछौं /

धार्मिक तथा पर्यटकीय महत्त्व बोकेको यस हलेसी तुवाचुङ नगरपालिका हिन्दु, किरात र बौद्ध समुदायहरूको पवित्र त्रिधार्मिक पुण्य भूमिको रूपमा रहेको यस नगर क्षेत्रलाई धार्मिक सद्भाव र सहिष्णुता कायम गर्न त्रिधार्मिक तपोःभूमीको रूपमा घोषाण गरी दीर्घकालीन सोचसहित मुख्य धार्मिक पर्यटकीयस्थलहरू हलेसी मन्दिर मुख्य गुफाको सिंढी निर्माण, कुम्भघर निर्माण, सिसिटिभी जडान, साँझ आरतिको व्यवस्था, मन्दिरको भेटिघाटिको व्यवस्थापन, मन्दिर र बजार क्षेत्रको फोहोर व्यवस्थापन कार्य गरिँदै आइएको छ । किराँत जातिको उद्गमस्थल हलेसी तुवाचुङ जायजुममा स्टिल रेलिंग लगाई सिंढी निर्माण गरी आवत जावतमा सहजता गरेका छौं ।यसै चालु आर्थिक वर्षदेखि ककनीडाँडा माथिको ढुंगा संरक्षण गरी ढुङ्गे बगैंचा (रकगार्डेन) निर्माण गर्ने कार्यको शुरुवात गरेका छौं, मञ्जुश्री डाडाँमा बौद्ध गुरु पद्मसभवको मुर्ति बनाई पद्मसभव पार्कको निर्माणको प्रक्रिया अगाडि बढाएका छौं। आयल निगम र नगरपालिकाको साझेदारीमा त्रिधार्मिकस्थल हलेसीको दर्शन गर्न आउने धार्मिक तिर्थालु पर्यटकहरूको (अशक्त, विपन्न, वृद्धवृद्धा) लागि निशुल्क र निश्चित शुल्क लिएर बस्न चाहनेको लागि सुविधा सम्पन्न धर्मशाला निर्माणाधीन अवस्थामा रहेको छ । खिम्ले दरबार, हलेसी गढीको, भुम्जु गढी, इतिहासिक चिचिङ्गा खौक्चेलिपा पोखरी उचित संरक्षण गर्न समेत बजेट विनियोजन गरी कार्य गरी रहेकाछौं । ११ वटै वडामा स्वास्थ्य संस्थाहरूमा प्रसुतिगृह निर्माण र व्यवस्थापन, स्वास्थ्य चौकीको उचित व्यवस्थापन गरी गाउघर क्लिनिक सञ्चालनको माध्यमबाट जनताहरूलाई उचित स्वास्थ्य सेवा दिईरहेकाछौं ।

कृषि तथा पशु कार्यक्रम सञ्चालन गर्न १ गाउँ १ प्राविधिकको व्यवस्था गरी हरेक वडाहरूमा कृषि तथा पशु विकासमा जोड दिई आयमुलक कार्यक्रम सञ्चालन गरेका छौं । अति विपन्नवर्ग, एकल महिला, आमासमूह, दलित उपेक्षित वर्गको उत्थान, आदिवासी जनजातीको उत्थानका लागि आयआर्जन कार्यक्रम निरन्तर सञ्चालन गरिएकोछ । दुधकोशी जलाशययुक्त आयोजनाको सहयोगमा यस नगरको वडा नं. ८ मा बन्ने सो जलाशययुक्त आयोजनाको पावर हाउससम्म जाने सडक निर्माण कार्यको थालनी गरेका छौं यी त भए जनताले प्रत्यक्ष अनुभव गरेका नगरका क्रियाकलाप भए भने वडाहरू मार्फत वडामा जनताका आवश्यकता अनुसारका मागमा आधारित स-साना कार्यक्रमहरू सञ्चालन गरी नगरबासीको मागलाई सम्बोधन गर्ने प्रयास गरिएको व्यहोरा जानकारीको लागि प्रस्तुत गरेकाछौं ।

विश्व भरी फैलिरहेको कोराना भाईरस कारण देशव्यपी लकडाउन हुँदा यस नगरका करिब १४०० नगरबासीलाई उद्धार तथा राहत वितरण गरेका छौं । गत वर्षको सुख्खा खडेरीले गर्दा नगरसभाबाट नगरलाई खाद्य संकट घोषणा गरिएकोमा २०७६ आषाढ २४ गते देखि परेको अविरल वर्षादका कारण पहिरो गई लामो खडेरीबाट बचेका बालीनाली तथा सडक भौतिक पूर्वधार ठूलो क्षति नगरबासीहरूले व्यहोर्नु परेको यथार्थतालाई मध्ये नजर गरि आफ्नो सिमित श्रोतको उपयोग गर्दै तत्काल सडक तथा भौतिक पूर्वधारको मर्मत, नागरिकलाई भोक र रोगबाट बचाउन ११ वटै वडाका पिडित जनतालाई खाद्यान्न राहत चामल २९३४४० के.जी. वितरण गरी जनताको घाउमा मलमपट्टी लगाउने कार्य गरेका थियौं । सुख्खा खडेरीले गर्दा मकैको बिउ जगेडा हुन नसकेको अवस्थामा नगर सभाबाट कृषि कार्यक्रम मार्फत सबै वडामा मकैको बिउ निशुल्क वितरण गरेका थियौं ।

मिति २०७८ आषाढ १० गते बसेको नगरसभाबाट आगामी आर्थिक वर्ष २०७८/२०७९ को लागि प्रास प्रस्तावित बजेट, नीति तथा कार्यक्रमलाई पारित गरि गत विगत वर्षहरूमा नगरले भए गरेका बजेट तथा कार्यक्रम समेतलाई समेटेर नगरबासीहरूमाझ पारदर्शिता तथा आफ्नो नगर भित्र सञ्चालन भएका र हुने पूर्वाधार विकासजस्ता योजना तथा कार्यक्रममा जनचासो वृद्धि होस् भन्ने उद्देश्यले नगर विकास योजना पुस्तिका प्रकाशन गरेका छौं । यसले हलेसी तुवाचुङ नगरबासिको जिज्ञासा, उत्सुकता र आफ्नो नगरको विकास प्रति जनचासोमा सहयोगी भूमिका खेल्ने छ र यस पुस्तिका प्रकाशनले मार्गदर्शन तथा सुझाव प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा नगरसभाबाट पारित यस नगरको आगामी आर्थिक वर्ष २०७८/२०७९ को प्रस्तावित बजेट, नीति तथा कार्यक्रमलाई समेटेर पुस्तकका रूपमा **"नगर विकास योजना"** प्रकाशित गर्न सहयोग गर्नु हुने यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत यस पुस्तक प्रकाशनमा महत्वपूर्ण सहयोग गर्नु हुने नगरपालिकाका सबै कर्मचारीहरूलाई धन्यबाद दिन चाहन्छु ।

धन्यवाद ।

इवन राई
नगर प्रमुख
२०७८ अषाढ १९ गते

नगर उपप्रमुखको भनाई



यस नगरपालिकाका नगरवासीहरूको अमूल्य मत, स्नेहका साथ प्राप्त आशीर्वादका कारण नेपालको संविधान, २०७२ ले निर्दिष्ट गरे बमोजिम नगर उपप्रमुखको हैसियतले यस हलेसी तुवाचुङ नगरको मिति २०७८ आषाढ १० गते आर्थिक वर्ष २०७८/२०७९ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरेको थिए । वस्ति, वडा हुँदै यहाँहरूको आवश्यक्ता अनुसार सहभागितामूलक योजना छनौट भई नगर कार्यपालिकामा पेश हुन आएको योजना तथा कार्यक्रमलाई निर्वाचित भएदेखि नै सम्बोधन गर्दै आइहेको छु ।

आर्थिक वर्ष २०७८/२०७९ को बजेट, नीति तथा कार्यक्रमले यस नगरपालिकाका नगरवासी जनताहरूको मागलाई पुरा गर्ने अपेक्षा गरेको छु । चालु आर्थिक वर्ष २०७७/२०७८ मा सञ्चालित कार्यक्रम, आगामी आर्थिक वर्ष २०७८/२०७९ को प्रस्तावित बजेट र आगामी आर्थिक वर्ष २०७९/२०८० को प्रस्तावित बजेट तथा कार्यक्रमलाई समेटेर यस नगरको "नगर विकास योजना" पुस्तिका प्रकाशित हुन लागे कोमा खुशि व्यक्त गर्दछु । यस पुस्तकले यस नगरको विकासप्रति खोज गर्न चाहने अनुसन्धानकर्ता, तथा विकासप्रेमीहरूको जिज्ञासालाई समेट्नेछ भन्ने विश्वास लिएको छु । नयाँ नगर र नयाँ राज्य व्यवस्थाका कारण, विकट भु-वनोटले गर्दा आन्तरिक श्रोत ज्यादै न्यून, संघीय र प्रदेशबाट प्राप्त हुने बजेट समेत पर्याप्त नभएको कारण नगरबासीको आवश्यक्तालाई चाहेर पनि समाधान गर्न सकिएको छैन । प्राप्त भएको सिमित श्रोत र साधनलाई नै पारदर्शि ढंगले परिचालन गरी जनताका माग क्रमशः पुरा गर्ने लक्ष्य लिँदै यस पुस्तकले आफ्नो नगरमा सञ्चालन हुने र भएका योजना तथा कार्यक्रमप्रति जनचासो अभिवृद्धि गर ाउने छ भन्ने पुर्ण विश्वास लिएकोछु ।

आगामी आ.व.२०७८/२०७९ देखि २०७७ श्रावण १ गतेबाट जन्म भएका नगरपालिका भित्रका बालिकाहरूको लागि शिक्षा, स्वास्थ्य तथा उचित पालनपोषणमा सम्मान गर्ने उद्देश्यले रु.४०००/-को दरले बैंकिग प्रणालीबाट बालिका बचत कार्यक्रम सञ्चालन गर्ने कार्यको शुरुवात गरेका छौं । महिला तथा आमा समूह, एकल महिलाहरूको जिविकोपार्जन गर्ने दिगो कार्यक्रमको पहिचान गरी रकम विनियोजन गरेका छौं । दलितजातिको उत्थानको लागि आयमूलक कार्यक्रम तथा जनजातिको दिगो विकासको लक्ष्यसहित समावेश गरेका छौं ।

तसर्थ, यस बजेट, नीति तथा कार्यक्रमलाई सुझावसहित पारित गरी सहयोग गर्नु हुने नगर प्रमुखज्यूप्रति विशेष आभार व्यक्त गर्न चाहन्छु । यसै गरि बजेट तथा कार्यक्रमलाई वडास्तरमा आमरूपमा जनसहभागिता गराई योजना छनौट गर्ने कार्यमा सहयो ग गर्नु हुने सबै वडाध्यक्षज्यूहरू, नगर कार्यपालिका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू धन्यवाद दिन चाहन्छु । त्यस्तै बजेट, नीति तथा कार्यक्रमलाई समेटेर तथ्यगतरूपमा "नगर विकास योजना" पुस्तिका तयार गर्न सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण नगरपालिका कर्मचारी टिमलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

विमला राई

नगर उप-प्रमुख

२०७८ आषाढ १९ गते




हलेसी तुवाचुङ नगरपालिका

केही शब्द



हलेसी तुवाचुङ नगरपालिकाको भौगोलिक अवस्थिति, राज्यको संरचना, इतिहास, रीत तथा परम्परा, आर्थिक, सामाजिक र सांस्कृतिक पृष्ठभूमि, जनताको सोच र सचेतना नै नगरपालिकाको नीति निर्माणका मूल आधार हुन्। हाल आएर नगरपालिकाले आफ्ना मूलभूत राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक उद्देश्यलाई नीति तथा कार्यक्रममा उल्लेख गर्ने प्रचलन रहेको पाइन्छ। नीति निर्माण गर्ने निर्णय मूलतः राजनीतिक प्रकृतिको अधिकार हो। नगरपालिकाबाट नगर क्षेत्रभित्र हुने सम्पूर्ण राजनीतिक, आर्थिक, सामाजिक लगायतका विविध गतिविधिका क्रममा नीति निर्माण र स्वीकृत गर्ने राजनीतिक प्रकृतिको अधिकार स्थानीय तहको सरकारमा रहेको हुन्छ।

नेपालको संविधानले शासकीय व्यवस्थालाई संघीय संरचना अनुरूप ३ तहको स्वरूपमा विभाजन गरी संविधानको अनुसूचीमा नै ३ वटै सरकारको साझा तथा एकल सूचीमा कार्य विभाजन गरेको छ। संघीय सरकारको बजेट ज्येष्ठ १५ गते सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था छ भने प्रदेश सरकारको आषाढ १ गते र स्थानीय तहको बजेट नगरसभामा आषाढ १० गते भित्र पेस गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ।

नगरपालिकाको बजेट तर्जुमा गर्दा नेपालको संविधानमा भएका नीतिगत व्यवस्था, मौलिक हक, निर्देशक सिद्धान्त, अनुसूचीमा उल्लेखित प्रावधान, नगरपालिकाको आफ्नै आवधिक योजनाको प्राथमिकता, संघ तथा प्रदेश सरकारको आवधिक योजनाको प्राथमिकता, नगरपालिकाको आवश्यकता, समस्या तथा सम्भावना, नेपाल सरकार तथा प्रदेश सरकारको नीति कार्यक्रम, बजेट, दिगो विकास लक्ष्य २०३० का लक्ष्यहरूलाई ध्यान दिइएको छ।

हलेसी तुवाचुङ नगरपालिकाको चालु आ.व. २०७७/०७८ को समीक्षा सहित आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम, अर्थ नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७७ धारा २२९ को उपधारा (२) बमोजिम नगरपालिकाको विनियोजन ऐन, २०७७ र नगरपालिकाको नगरसभामा प्रस्तुत आ.व. २०७८/०७९ को अनुमानित आय तथा व्यय लगायत गत आ.व. २०७४/७५, २०७५/७६, २०७७/७८ मा नगरपालिकाबाट सम्पन्न कार्यक्रमहरूलाई समेटेर तयार गरिएको यो पुस्तिका सबैलाई उपयोगी रहनेछ भन्ने विश्वास लिएको छु। नगरपालिकाको नगर विकास योजना पुस्तिकामा उल्लेखित नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यानवयनमा सफलताको शुभकामना सहित यो अभिलेख तयार ीमा सबैको सहयोग रहेकाले धन्यावाद दिन चाहन्छु।

२०७७ आषढ १९ गते

हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत




विमला राई



जिल्लाको गाउँपालिका र नगरपालिकाको विस्तृत विवरण

क्र.स.	गाउँपालिका/नगरपालिकाको नाम	समावेश भएका साविकका गाविस वा न.पा.हरु	केन्द्र	जनसंख्या	क्षेत्रफल (वर्ग कि.मी.)	हालको वडा नं.	समावेश भएका साविकको गाविस वा नपा र वडाहरु	
१	हलेसी तुवाचुङ नगरपालिका	अखौंले, च्यास्मीटार, डिकुवा, दुर्छिम, धितुङ, बडहरे, बाहुनीडाँडा, महादेवस्थान, मंगलटार, सल्ले र राजापानी गा.वि.स.	साविक दुर्छिम गा.वि.स.को कार्यालय	२९५ २	२८०.१७	१	बाहुनीडाँडा	१-९
						२	डिकुवा	१-९
						३	च्यास्मीटार	१-९
						४	बडहरे	१-९
						५	दुर्छिम	१-९
						६	मंगलटार	१-९
						७	महादेवस्थान	१-९
						८	धितुङ	१-९
						९	सल्ले	१-९
						१०	अखौंले	१-९
						११	राजापानी	१-९
२	दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका	दिक्तेल नगरपालिका खार्मी, चिउरीडाँडा, जाल्पा, निर्मलीडाँडा, विजयखर्क, बुईपा, नुनथला, नेर्पा र पाथेका गा.वि.स.	साविक दिक्तेल नगरपालिका कार्यालय	४६९०३२	४६.५१	१	दिक्तेल	१-३
						२	दिक्तेल	१-६
						३	दिक्तेल	७-९
						४	दिक्तेल	१३-१५
						५	दिक्तेल	१०-१२
						६	नेर्पा	१-९
						७	चिउरीडाँडा	१, २, ५, ७, ९
						८	चिउरीडाँडा	३, ४, ६, ८
						९	निर्मलडाँडा	१-९
						१०	पाथेका	१-९
						११	खार्मी	१-९
						१२	जालपा	१-९
						१३	नुनथला	१-९
						१४	बुईपा	१-९
						१५	विजयखर्क	१-९
३	ऐसेलुखर्क गाउँपालिका	ऐसेलुखर्क, जलेश्वरी, ज्यामिरे, बाकाचोल महेश्वरी, माक्पा र राखाबाङ्देल गा.वि.स.	साविक ऐसेलुखर्क गा.वि.स.को कार्यालय	१६०९७	१२५.९३	१	राखाबाङ्देल	१-९
						२	बाकाचोल	१-९
						३	ऐसेलुखर्क	१-९
						४	जलेश्वरी	१-९
						५	महेश्वरी	१-९
						६	ज्यामिरे	१-९
						७	माक्पा	१-९
४	रावाबेसी गाउँपालिका	कुभिण्डे, खार्पा, हौचुर लामिडाँडा, दुवेकोल र धारापानी गा.वि.स.	साविक कुभिण्डे गा.वि.स.को हरमटार	१३३६९	९७.४४		कुभिण्डे	१-९
							खार्पा	१-९
							लामिडाँडा	१-९
							धारापानी	१-९
							दुवेकोल	१-९
							हौचुर	१-९

जिल्लाको गाउँपालिका र नगरपालिकाको विस्तृत विवरण

क्र.स.	गाउँपालिका/नगरपालिकाको नाम	समावेश भएका साबिकका गाविस वा न.पा.हरु	केन्द्र	जनसंख्या	क्षेत्रफल (वर्ग कि.मी.)	हालको वडा नं.	समावेश भएका साबिकको गाविस वा नपा र वडाहरु	
५	जन्तेढुंगा गाउँपालिका	काहुले, चिसापानी, डशिबालाय, दिप्लुङ, देविस्थान र बोपुङ गा.वि.स.	सावित चिसापानी गा.वि.स.को कार्यालय	१५४४४	१२८.६८	१	देविस्थान	१-९
						२	बोपुङ	१-९
						३	काहुले	१-९
						४	डम्मर्चु शिवालाय	१-९
						५	चिसापानी	१-९
						६	दिप्लुङ	१-९
६	खोटेहाङ गाउँपालिका	ईन्द्रेणीपोखरी, खाटाङबजार, चिप्रिङ, वडकादियाले, लिकुवापोखरी, लिच्कीराम्चे, वाप्लुखा, सावाकटहरे र सिम्पानी गा.वि.स.	सावित खोटाङबजार गा.वि.स.को कार्यालय	२२४७४	१६४.०९	१	लिकुवापोखरी	१-९
						२	वाप्लुखा	१-९
						३	सवाकटहरे	१-९
						४	वडकादियाले	१-९
						५	चिप्रिङ	१-९
						६	ईन्द्रेणीपोखरी	१-९
						७	खोटाङबजार	१-९
						८	सिम्पानी	१-९
						९	लिच्कीराम्चे	१-९
७	केपिलासगढी गाउँपालिका	फेदी, खार्तम्छा, वास्पानी, वाक्सिला, सप्तेश्वर, दिप्सुङ र सुङदेल गा.वि.स.	सावित वाकसिला गा.वि.स.को कार्यालय	१५२८८१	९१.५५	१	फेदी	१-९
						२	खार्तम्छा	१-९
						३	वास्पानी	१-९
						४	वाक्सिला	१-९
						५	सप्तेश्वर	१-९
						६	दिप्सुङ	१-९
						७	सुङदेल	१-९
८	दिप्रुङ चुईचुम्मा गाउँपालिका	छितापोखरी, छोरम्बु, डाँडागाउँ, बतासे, याम्खा, टेम्मा र स. छितापोखरी गा.वि.स.	याङसोलाटार	२०१७५१	३६.५९	१	याम्खा	१-९
						२	डाँडागाउँ	१-९
						३	छोरम्बु	१-९
						४	बतासे	१-९
						५	स. छितापोखरी	१-९
						६	छितापोखरी	१-९
						७	टेम्मा	१-९
९	साकेला गाउँपालिका	खिदिमा, च्यानडाँडा, मात्तिम र रतन्छा गा.वि.स.	सावित मात्तिम गा.वि.स.को मानेभञ्ज्याङ	११५९४	७९.९९	१	च्यानडाँडा	१-९
						२	रतन्छा	१-९
						३	खिदिमा	१-९
						४	मात्तिम	४, ६, ८, ९
						५	मात्तिम	१-३, ५, ७
१०	बाराहापोखरी गाउँपालिका	पौवासेरा, फाक्टाङ, बाराहापोखरी, मौवाबोटे, साउनेचौर र सुन्तले गा.वि.स.	सावित साउनेचौर बाघखोर गा.वि.स.को कार्यालय	१४३४९१	४१.५७	१	बाराहापोखरी	१-९
						२	सुन्तले	१-९
						३	साउनेचौर	१-९
						४	फाक्टाङ	१-९
						५	पौवासेरा	१-९
						६	मौवाबोटे	१-९

ण आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्ययोजना

विषयसूची

परिचय	१
उपस्थितहरू	२
हलेसी तुवाचुङ नगरपालिकाको आ.ब. २०७८/०७९ को प्रस्तावित नीति तथा कार्यक्रम, बजेट	५
नीति तथा कार्यक्रम २०७८/०७९	६
आ.व. २०७८/२०७९ को बजेट अनुमानित आय तथा व्याय	१६
निर्णयहरू	२१
आगामी आर्थिक वर्ष २०७८/२०७९ को लागि प्रस्तावित बजेट सिलिंग	२७
आय विवरण	२७
व्यय विवरण	२८
आगामी आर्थिक वर्ष २०७८/२०७९ को लागि प्रस्तावित बजेट क्षेत्रगत बांडफांड विवरण	३१
राजस्व तथा अनुदान प्राप्तिको प्रक्षेपण आ.व. २०७८/०७९	३४
आ.व.०७८/७९ को वडागत/नगरस्तरीय योजनाहरू	४३
कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन	५८
केही गतितिविधिका झलकहरू	१०६

परिचय

हलेसी तुवाचङ नगरपालिकाको संक्षिप्त परिचय

हलेसी तुवाचङ नगरपालिका जिल्ला सदरमुकामबाट पश्चिमी भेगमा करिब ४० किमिको दुरीमा अवस्थित रहेको छ। हलेसी महादेवस्थानको नामले प्रख्यात यो नगरपालिकाको केन्द्र हलेसी महादेवस्थानको मन्दिरबाट पश्चिमपटि ५ किलो मिटरको दुरीमा रहेको दुर्छिममा पर्दछ। साविकका ११ वटा गाविसहरू मिलेर ११ वटा वडामा फैलिएको यो नगरपालिकाको क्षेत्रफल २८०.१७ वर्ग किलो मिटर रहेको छ भने यस नगरपालिकाको पश्चिममा दुधकोशी नदिले ओखलढुंगा जिल्लालाई छुट्याएको छ भने दक्षिणमा सुनकोशी नदिले उदयपुर जिल्लालाई छुट्याएको छ त्यसैगरी दक्षिण पुर्वी भेगमा दिप्रुङ चुईचुम्मा गाउँपालिका र पूर्वी भेगमा दिक्तेल रूपाकोट मुभ्रुवागडी नगरपालिका पर्दछ भने उत्तरी भेगमा रावावेशी गाउँपालिका पर्दछ। प्राय राई जातिहरूको बाहुल्यता रहेको यस नगरपालिकाको २०६८ को जनगणना अनुसार जनसंख्या २९५३२ (हलेसी तुवाचुङ नगरपालिका नगर पार्श्वचित्र २०७४/०७५ अनुसार जनसंख्या ३२४४६) रहेको छ। जिल्लाकै सुख्खा क्षेत्रको रूपमा रहेको यस जिल्लामा ज्यादै कम पानी पर्ने भएको कारण प्राय सबै गाविसहरू सुख्खा ग्रस्त क्षेत्रमा पर्दछन, पानी कम पर्ने र पानीका मुहान समेत नभएको कारण यस नगरपालिकाका मानिसहरूको मुख्य समस्या खानेपानीको रहेको कारण घण्टौ खानेपानीको लागी समय खर्च हुने गरेको छ भने मौसमी बाहेक करेसा बारीमा घरायसी तरकारी उत्पादन गर्न समेत सकिएको देखिँदैन।

यस नगरपालिकाका दुई तिरको भाग दुधकोशी नदि सुनकोशी नदिले घेरेको भए पनि कोशी आसपासका केही भाग बाहेक अधिकांश भुभाग सुख्खा ग्रस्त रहेका छन। यस भेगको खानेपानी व्यवस्थापनका लागि दुधकोशीबाट पानी तानेर उपलब्ध गराउने योजना तयारी अन्तिम चरणमा पुगेको भए पनि सम्पन्न गर्नको लागि अझै केही समय पर्खिनु पर्ने देखिन्छ। नगरपालिकाका केही वडाहरूलाइ सुन्तलाको पकेट क्षेत्र तोकिएको र मोटरबाटो करिडोरलाई तरकारी पकेट क्षेत्र निर्धारण गरिएको भए पनि आवश्यक सिंचाइको सुविधा नपुगेको कारण यो त्यति प्रभावकारी रूपमा अगाडि बढन सकेको देखिदैन। सुख्खा क्षेत्रमा उत्पादन हुने बदाम यस यस नगरपालिका क्षेत्र भित्रको राम्रो आम्दानीको श्रोत बन्दै आएको छ। यहाँ उत्पादन बदाम जिल्लाका अन्य भाग लगायत काठमाडौं र छिमेकी जिल्ला ओखलढुंगालाइ समेत चाहिँदो मात्रामा आपुर्ति गराउँदै आएको छ। यस क्षेत्रमा बदाम खेतिलाई अझ व्यवस्थित तरिकाले व्यवसायिक रूपमा उत्पादन गर्न सकेमा यस समुदायका मानिसहरू आत्मनिर्भर बन्न सक्ने देखिन्छ।

हलेसी महादेवस्थान मन्दिरको संक्षिप्त परिचय

प्रदेश नं. १, खोटाङ जिल्ला, हलेसी तुवाचुङ नगरपालिका वडा नं. ७ महादेवस्थानमा अवस्थित एउटा प्रसिद्ध त्रिधार्मिक तीर्थस्थलको नाम हो हलेसी। जस्लाई 'पूर्वको पशुपति' पनि भन्ने गरिन्छ। ऐतिहासिक झझल्को, पौराणिक मान्यता, पुरातात्विक महत्व र सांस्कृतिक सम्पदाका दृष्टिले सर्वाधिक महत्वपूर्ण त्रिधार्मिक स्थलको रूपमा रहेको छ। यसको आफनै किम्बदन्ति तथा विशेषता रहेको छ। आश्चर्यजनक, रहस्यमय हलेसी गुफा आफैमा विचित्रता र विविधताको अद्भुत चमत्कारका लागि विख्यात भएकोले विभिन्न धर्म, संस्कृति र समुदायका मानिसहरूको धार्मिक पर्यटकीय स्थलको रूपमा त्यतातिर आकर्षित भएको छ।

हलेसी प्राकृतिक रूपमा जति सुन्दर र अद्भुत छ, धार्मिक र सांस्कृतिक हिसाबले पनि त्यति नै अनुपम र उदाहरणिय छ। विश्वमा हलेसी मात्र यस्तो स्थान हो जहाँ हिन्दु, बौद्ध र किराँत धर्मालम्बीले एकै ठाऊमा पुजा गर्दछन् र एकले अर्कोलाई सम्मान गर्दछन्। दिनानुदिन यहाँ आउने धर्मालम्वीको चाप बढ्दै गएको पाईन्छ। सडक, होटलको सुविधा बढे सँगसँगै पर्यटकको हलेसी यात्रामा वृद्धि भएको छ। यस नगर क्षेत्रलाई नितान्त धार्मिक, साँस्कृतिक र पर्यटकिय क्षेत्रमा रूपान्तरण गर्न मिति २०७५ माघ ४ गते सर्वपक्षीय भेला आयोजना गरी स्थानीय सरकारको रूपमा कार्य गरिरहेको यस हलेसी तुवाचुङ नगरपालिकाले आफनै श्रोत र साधन परिचालन गरी हलेसी गुरुयोजना निर्माण समिति गठन गराई Detailed Project Report (DPR) तयारी गर्ने कार्यको सम्पन्न भएको छ।

उपस्थितहरू

आज मिति २०७८।०३।१० गते हलेसी तुवाचुङ नगरपालिका नगर सभा अध्यक्ष एवम् नगर प्रमुख श्री इवन राईज्यूको अध्यक्षतामा आ.व.२०७८/०७९ नवौं (वर्षे) नगरसभामा तपसिलको उपस्थितिमा बस्यो ।

क्र. स.	पदाधिकारीको नाम	पद	ठेगाना	सम्पर्क नं.	हस्ताक्षर
०१	इवन राई	नगर प्रमुख	ह.तु.न.पा.-६	९८५१००९८७९	
०२	विमला राई	नगर उपप्रमुख	ह.तु.न.पा.-३	९८४२९७४५७१	
०३	रुद्रकुमार राई	वडा अध्यक्ष	ह.तु.न.पा.-१	९८४२८०८५८४	
०४	सुमित्रा राई	महिला सदस्य	ह.तु.न.पा.-१	९८६१११९०००	
०५	छन्दमाया दमाई	दलित महिला सदस्य	ह.तु.न.पा.-१	९८१८५९३०८८	
०६	विरधन राई	सदस्य	ह.तु.न.पा.-१	९८६१६८५७९४	
०७	शिवकुमार कार्की	सदस्य	ह.तु.न.पा.-१	९८६१६३१८५९	
०८	हरिकुमार खड्का	वडा अध्यक्ष	ह.तु.न.पा.-२	९८५२८४९३४२	
०९	मानकुमारी राई	महिला सदस्य	ह.तु.न.पा.-२	९८०७२७४५४	
१०	फुलकुमारी वि.क.	दलित महिला सदस्य	ह.तु.न.पा.-२	९८६२९७९५०१	
११	घनश्याम राई	सदस्य	ह.तु.न.पा.-२	९८६२८१८९३५	
१२	नृपबहादुर राई	सदस्य	ह.तु.न.पा.-२	९८४०५५०८०६	
१३	भलाराज राई	वडा अध्यक्ष	ह.तु.न.पा.-३	९८४२९०५६८३	
१४	कमलकुमारी राई	महिला सदस्य	ह.तु.न.पा.-३	९८१९७९७४३७	
१५	प्रेमकुमारी वि.क.	दलित महिला सदस्य	ह.तु.न.पा.-३	९८६२८५११४९	
१६	कुलबहादुर राई	सदस्य	ह.तु.न.पा.-३	९८६०८६४७२६	
१७	ज्ञानकुमार अधिकारी	सदस्य	ह.तु.न.पा.-३	९८२७७५४०२६	
१८	किशोर कुमार वस्नेत	वडा अध्यक्ष	ह.तु.न.पा.-४	९८५११०२७४७	
१९	गंगादेवि दाहाल	महिला सदस्य	ह.तु.न.पा.-४	९८१५७४६९४७	ठेंगा
२०	कमला दमाई	दलित महिला सदस्य	ह.तु.न.पा.-४	९८०४७८६७०५	
२१	भेषबहादुर खत्री	सदस्य	ह.तु.न.पा.-४	९८०५९८५४५६	
२२	शेषकुमार पौडेल	सदस्य	ह.तु.न.पा.-४	९८४३१५४३२०	
२३	रमेश तिवारी खत्री	वडा अध्यक्ष	ह.तु.न.पा.-५	९८५१२१५३३०	
२४	भद्रकला राई	महिला सदस्य	ह.तु.न.पा.-५	९८०५९९१२१७	
२५	कुमारी परियार	दलित महिला सदस्य	ह.तु.न.पा.-५	९८११७२६२६७	
२६	हर्कराज राई	सदस्य	ह.तु.न.पा.-५	९८०३८५९५८४	
२७	फलाम सिं राई	सदस्य	ह.तु.न.पा.-५	९८०३६०५९३२	
२८	रमेश कुमार राउत	वडा अध्यक्ष	ह.तु.न.पा.-६	९८५१००२३५४	
२९	मन्जु कार्की वस्नेत	महिला सदस्य	ह.तु.न.पा.-६	९८६२८२८०९०	
३०	धनलक्षि कामी	दलित महिला सदस्य	ह.तु.न.पा.-६	९८१३४३८८१५	
३१	ठाकुर सिं आलेमगर	सदस्य	ह.तु.न.पा.-६	९८१९६७३८९०	
३२	दिपककुमार राई	सदस्य	ह.तु.न.पा.-६	९८१८९६४४४९	
३३	चइन्द्र राई	वडा अध्यक्ष	ह.तु.न.पा.-७	९८६३८४३०२०	

३४	तारा लक्षी राई	महिला सदस्य	ह.तु.न.पा.-७	९८४९३८२७४२	
३५	खड्ग लक्षी वि.क.	दलित महिला सदस्य	ह.तु.न.पा.-७	९८६२८१९४७५	
३६	डिल्लीकुमार राई	सदस्य	ह.तु.न.पा.-७	९८४२९८६०५२	
३७	निरज वस्नेत	सदस्य	ह.तु.न.पा.-७	९८४३६२५०२६	
३८	पृथ्वीराज राई	वडा अध्यक्ष	ह.तु.न.पा.-८	९८४२९५०७६६	
३९	शान्ती राई	महिला सदस्य	ह.तु.न.पा.-८	९८१९७९६१०२	
४०	हल्कीमाया सार्की	दलित महिला सदस्य	ह.तु.न.पा.-८	९८४२८०४९८५	
४१	खेमराज कार्की	सदस्य	ह.तु.न.पा.-८	९८११७१७६१०	
४२	राजबहादुर बुढाथोकी	सदस्य	ह.तु.न.पा.-८	९८६२८६२२०८	
४३	काशीराज राई	वडा अध्यक्ष	ह.तु.न.पा.-९	९८०४७१.५४८९	
४४	नन्दकुमारी श्रेष्ठ	महिला सदस्य	ह.तु.न.पा.-९	९८४३२१८६५२	
४५	हिमला वि.क.	दलित महिला सदस्य	ह.तु.न.पा.-९	९८०८६२९२६७	
४६	गणेश पौडेल	सदस्य	ह.तु.न.पा.-९	९८६२८१३७८७	
४७	भुमिश्वर राई	सदस्य	ह.तु.न.पा.-९	९८४०२१४९१५	
४८	ज्ञानबहादुर पुरी	वडा अध्यक्ष	ह.तु.न.पा.-१०	९८५११७२१५८	
४९	रमा श्रेष्ठ	महिला सदस्य	ह.तु.न.पा.-१०	९८१३५६५८५०	
५०	सरस्वती दर्जी	दलित महिला सदस्य	ह.तु.न.पा.-१०	९८१५७५६८५६	
५१	केशव श्रेष्ठ	सदस्य	ह.तु.न.पा.-१०	९८१८४०९८५९	
५२	पुर्णबहादुर मगर	सदस्य	ह.तु.न.पा.-१०	९८१७७३०५१७	
५३	सन्तोष खत्री	वडा अध्यक्ष	ह.तु.न.पा.-११	९८०४७९७३९३	
५४	कोपीला कार्की	महिला सदस्य	ह.तु.न.पा.-११	९८१४७४७०९०	
५५	पवित्रा वि.क.	दलित महिला सदस्य	ह.तु.न.पा.-११	९८०८५४२२०२	
५६	प्रदिप राई	सदस्य	ह.तु.न.पा.-११	९८१४७३८४२५	
५७	निर्पध्वज वि.क.	मनोनित दलित सदस्य	ह.तु.न.पा.-७	९८०७७२९८६८	
५८	जालबहादुर परियार	मनोनित दलित सदस्य	ह.तु.न.पा.-३	९८१३२८१०२१	
५९	दिपक कुमार रहपाल	मनोनित दलित सदस्य	ह.तु.न.पा.-२	९८४२८०६२१४	
६०	हरिप्रसाद चापागाई	प्र.प्र.अ.		९८५२८८८८७७	
६१	विपिन लम्साल	लेखा अधिकृत		९८४१ ९३६०४८	
६२	रविकिरण आचार्य	अधिकृत सातौ		९८५२८४९०५६	
६३	सन्देश कुमार ताम्राकार	छैठौ अधिकृत			
६४	नविन कौशल	छैठौ अधिकृत			
६५	पदम कार्की	छैठौ अधिकृत			
६६	रामकुमार भगत	छैठौ अधिकृत			
६७	योगेश घिमिरे	आई टि अफिसर			
६८	सुरज पाण्डे	छैठौ अधिकृत			
६९	शान्ता अधिकारी	रोजगार संयोजक			
७०	माधव आचार्य	लेखापाल			

७१	प्रकाश घिमिरे	सहायक पाचौं			
७२	रमेश श्रेष्ठ	सहायक पाचौं			
७३	सन्जय रेग्मी	सहायक पाचौं			
७४	पर्शु कार्की	सहायक पाचौं			
७५	रम्भुकुमार साह	सहायक पाचौं			
७६	सन्तोष आचार्य	सहायक पाचौं		9861395293	
७७	रमेश श्रेष्ठ	सहायक पाचौं			
७८	इरन राई	स.म.वि.नि			
७९	दिपक रिजाल	सहायक चौथो			
८०	विना अधिकारी	सहायक चौथो			
८१	कन्चन राई	सहायक पाचौं			
८२	इरन राई	स.म.वि.नि			
८३	दिपक रिजाल	सहायक चौथो			
८४	विना अधिकारी	सहायक चौथो			
८५	राजेश सतभैया	असई			
८६	चित्रकुमारि रानामगर	असई			
८७	मुकेश चौधरि	असई			
८८	निर्मला खड्का	असई			
८९	सुविन दनुवार	असई			
९०	शुशिला दाहाल आचार्य	सहायक चौथो			
९१	सयन्द राई	कम्प्यूटर अपरेटर		9841949087	
९२	विजय वि.क.	MSI Operator			
९३	महेश महरा	अमिन			
९४	अग्नी राई	असई			
९५	वासु राउत	असई			
९६	संगम राई	असई			
९७	देवराज के.सी.	सहायक कर्मचारी			
९८	सुस्मिता राई	सहायक कर्मचारी			
९९	निरकुमार राउत	सुरक्षा गार्ड			
१००	राजेन्द्र कटुवाल	सहायक कर्मचारी			
१०१	टीवन राई	सहायक कर्मचारी			
१०२	सरला राई	वडा सचिव			
१०३					

हलेसी तुवाचुङ नगरपालिकाको आगामी आ.ब. २०७८/०७९ को प्रस्तावित बजेट नीति तथा कार्यक्रम

नगरसभाबाट पारित मिति : २०७८/०३/१०
प्रमाणीकरण मिति :२०७८/०३/१४

सभाका अध्यक्ष महोदय,

आज हामी नेपालको १ नं. प्रदेश अन्तर्गत खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकाको नगरसभामा उपस्थित भएका छौ । यस अवसरमा म सभाध्यक्षज्यू मार्फत सबै नगरसभाका सदस्यज्यूहरूलाई हार्दिक स्वागत गर्दछु ।

विगत लामो समय देखि हामी र हाम्रा अग्रजहरूको निरन्तर प्रयास, प्रत्यक्ष र बलिदानीबाट प्राप्त राजनैतिक अधिकारलाई संस्थागत गर्ने मूल आधार २०७२ साल असोज ३ गते प्राप्त नेपालको संविधानलाई संस्थागत गर्दै समृद्धितर्फ हाम्रा प्रयासहरू केन्द्रित गर्ने प्रयास स्वरूप यस नगरपालिकाको निर्वाचित प्रतिनिधि भई हाम्रो कार्यकाल प्रारम्भ भएको ४ वर्ष पूरा हुनै लागेको छ । यस अवसरमा म संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपाल निर्माणको अभियानको राजनैतिक अधिकारप्राप्तिको अभियानमा शहिद हुनुभएका सम्पुर्ण ज्ञात अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु, घाइतेहरू प्रति शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु, बेपत्ता भएका व्यक्तिका परिवारले नीजको अवस्थाका वारेमा यथार्थ जानकारी पाउन सकुन भनि कामना गर्दछु । हामीलाई निर्वाचित गर्नुहुने आम हलेसी तुवाचुङ नगरवासीहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

हामी निर्वाचित भएर कार्यकाल सम्हाल्न सुरु गर्ने वित्तिकै देखि यस नगरलाई सुदृढ र व्यवस्थित गर्दै समृद्धि नगर बनाउन सहयोग, सल्लाह सुझाव प्रदान गर्नुहुने सबै महानुभावहरूप्रति कृतज्ञता व्यक्त गर्दछु । हलेसी तुवाचुङ नगरपालिकाको सम्मानित नगरसभामा आर्थिक वर्ष २०७८\७९ को वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्दा सो को पुर्व शर्तको रूपमा रहेको नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम पारित गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को व्यवस्थाका आधारमा आ.ब. २०७८\७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सभाध्यक्ष महोदय,

हलेसी तुवाचुङ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो भौगोलिक बनोट, सामाजिक पृष्ठभूमि, विकासप्रतिको धारणा, हाम्रा सांस्कृतिक, आर्थिक अवस्था र राज्य पुनसंरचनाको प्रारम्भिक अभ्यास आदिका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्ण रूपमा समावेश गर्ने गराउने प्रर्यास पुर्ण नहुन सक्छ। यद्दपि हाम्रो संरचनागत, कानुनी र आर्थिक अवस्थाका आधारमा, हलेसी तुवाचुङ नगरपालिकाको बजेट तथा योजना तर्जुमा समितिको सिफारिशका आधारमा नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभामा छलफल भई पारित हुने विश्वासका साथ पेश गर्ने अनुमति चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रमा अधिकांश प्रतिबद्धताहरू विगत आर्थिक वर्षहरूमा यसै सम्मानित सभाबाट पारित नीति तथा कार्यक्रमको समीक्षा र सोको निरन्तरतालाई ध्यान दिइएको छ भने केही विषयहरू बदलिदो परिस्थिति र उपर्युक्तताका आधारमा पेश गरिएको व्यहोरा समेत यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

हलेसी तुवाचुङ नगरपालिकाको सर्म्पुण नीति तथा कार्यक्रमबाट आत्मनिर्भर स्थानीय सरकारको उद्देश्य हासिल हुने विश्वास लिएकोछु ।

नीति तथा कार्यक्रम २०७८/०७९

१. आर्थिक विकास

(क) कृषि तथा पशु- 'उत्पादनमा छैन विकल्प; आयआर्जन र रोजगारीको लागि संकल्प

- यस आ.व. बाट एक घर एक करेसावारी अनिवार्य लागु गरिने छ।
- जैविक कृषि उत्पादन र पशुपन्छीजन्य उत्पादन बढाइ व्यवसायिक र औद्योगिकीकरण गर्न टेवा पुग्ने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- व्यवसायिक रूपमा पशुपन्छी पालन व्यवसाय गर्ने सिल्पी समुदायलाई आवश्यक्ता हेरी पशुपन्छी बीमा अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- पर्याप्त आन्तरिक रोजगारी सृजना भई नसकेको अवस्थामा कोभिड-१९ को विश्वव्यापी महामारीले वैदेशिक रोजगारीमा रहेका नागरिकहरू नगरपालिकामा फर्किने सम्भावित बेरोजगार नगरबासीहरूलाई व्यावसायिक कृषि, स्थानीय पूर्वाधार, साना तथा मझौला उद्योग, उत्पादन मूलक उद्योग, निर्माण र सेवा क्षेत्रमा परिचालन गरिनेछ।
- भुमी बैंकको अवधारणालाई अलम्बन गरी खेती योग्य जमिन वाझो राख्ने प्रवृतिलाई निरुत्साहीत गरिनेछ।
- अर्गानिक व्यवसायिक कृषि प्रवर्द्धनमा जोड दिईनेछ।
- वाली तथा पशु बीमा कार्यक्रमलाई कार्यन्वयन गरिनेछ।
- नगरको कोशी कोरिडर तिर लिफ्टिङ प्रविधिबाट सिँचाई निर्माण प्रक्रिया भईरहेको हुँदा सो कार्यलाई निरन्तरता दिनईनेछ।
- नगरपालिकाको पशुपालन तथा मासुमा आत्मनिर्भर रहेको व्यवसायलाई रोजगारीको क्षेत्रको रूपमा विकास गरिनेछ।
- यस नगरपालिकामा भएको सार्वजनिक जग्गामा केरा खेति गर्न प्रोत्सान गरिनेछ।
- एक वडा एक कृषि/पशु पकेट क्षेत्र निर्धाण गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- जलवायु मैत्री कृषि प्रणालीमा जोड दिईनेछ।
- प्रत्येक वडामा कृषि जन्य बस्तुको संकलन केन्द्र स्थापना गरिनेछ।
- कृषि पेशालाई अधुनिककरण गर्दै व्यवसायिक बनाउन परामर्शदाताको रूपमा एक कृषि विज्ञको व्यवस्था मिलाईनेछ।
- कृषि उपच सामाग्रीहरूको मूल्य निर्धारण गरी बजारीकरण गरिनेछ।
- बाझो रहेको चमिनमा कागती, आँप, लिची, सुन्तला, कफी, ड्रागान फुड नगदेबाली जस्ता खेती गरेमा नगद प्रोत्सान स्वरूप प्रदान गरिनेछ।

(ख) **पर्यटन – 'पर्यटकीय सहर, हलेसी तुवाचुङ नगर'**

- बृहत हलेसी गुरुयोजनाको अवधारण अनुसार निर्माणधिन अवस्थामा रहेको तुवाचुङ, रक गार्डेन, बुवालुङ पार्क, होलेसुङ गढी, धर्मशाला, पद्मसम्भव पार्क, भुम्जुगढी, गुप्तेश्वर महादेव मन्दिर ताराखुसे, खिम्ले दरवार, सल्ले पोखरी, हलेसीमा माङ्खिम निर्माण कार्यलाई तिव्रता दिई नगरपालिकाको दिगो आम्दानिको स्रोत बनाउदै अन्य वडामा भएको धार्मिक, साँस्कृतिक, ऐतिहासिक स्थालहरूको पहिचान गरी संरक्षण प्रवर्द्धन गरिनेछ ।
- पर्यटन क्षेत्रको विकासका लागि होमस्टे सञ्चालनमा ल्याईनेछ ।
- कुलपुजा देवाली थानहरू निर्माण र व्यवस्थापन गर्दै लोपउन्मुख अवस्थामा रहेको बालन, संगिनि र मारुनी नाचलाई संरक्षण गरिनेछ ।
- स्थानीय भाषा, लिपी, साहित्य र कलालाई प्राथमिकताका साथ संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- पर्यटन प्रवद्धनका लागि स्थानीय महिला समूह तथा स्वयंसेवी युवा क्लबहरूलाई परिचालन गरिनेछ साथै युवाहरूलाई दोभासे र पर्यटक गईड सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
- बृहत हलेसी गुरुयोजना निम्ति संघ, प्रदेश, स्थानीयतह र सरकारवालाहरूसंग समन्वयमा कार्यान्वय गरिनेछ ।

ग) **उद्योग एवं वाणिज्य**

- श्रम, सीप र स्थानीय कच्चा पदार्थमा आधारीत घरेलु तथा साना उद्योगीहरूलाई प्रोत्साहित गर्न लघु उद्यमको विकास गरी गरिवी निवारणमा टेवा पुऱ्याईने छ ।
- स्थानीय स्रोत साधन र सम्भावना तथा तुलनात्मक लाभको आधारमा घरेलु तथा साना उद्योग व्यवसायीहरूलाई प्रोत्साहित गरिने छ ।
- वैदेशिक रोजगारीबाट फर्किएका नागरिकहरूको ज्ञान, सीप, पुँजी र प्रविधिलाई उत्पादन र लघु उद्यमको विकासमा उपयोग गरिनेछ ।
- नगरमा सम्भावना बोकेको कृषि उत्पादन जस्तै गहत, बदम र स्थानीय उत्पादन ढाका, खाडी जस्ता महत्वपूर्ण उत्पादनहरूलाई नगर आगुन्तुकहरूलाई प्रदान गर्न मायाको चिनो/कोशेलीको रूपमा विक्रि/वितरणको व्यवस्था मिलाई प्रर्वद्धन गरिनेछ ।

घ) **सहकारी :**

- स्थानीय उद्यमशीलता, सीप विकास र स्थानीय श्रोत साधनको उपयोगको माध्यमबाट स्थानीय उत्पादन अभिवृद्धि गरी स्थानीय आर्थिक विकासका लागि सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिनेछ । सहरी गरिबी निवारणको लागि सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गरिनेछ ।

२. सामाजिक विकास

(क) **खानेपानी तथा सरसफाई**

- बृहत सुख्खा क्षेत्र खानेपानी आयोजनालाई आवश्यक समन्वय गरि यस आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।
- धितुङ, सल्ले, अर्खोले र राजापानीलाई सुख्खा क्षेत्र अन्तर्गत समावेश भई प्रारम्भिक अध्ययन भईरहेको हुदाँ

आवश्यक समन्वय गरी आयोजना सञ्चालनमा तिव्रता दिईनेछ।

- ❖ जलस्रोतका मुहान पहिचान तथा संरक्षण गरिनेछ।
- ❖ खानेपानीका स्रोत तथा जलधार क्षेत्रको पहिचान र संरक्षण, भूमिगत पानीको पुनर्भरण पानीको बहुउपयोग, एकीकृत उपयोग तथा पुनरूपयोगलाई प्रोत्साहन र प्रवर्धन गरिनेछ।
- ❖ खानेपानी तथा सरसफाई आयोजनाहरूलाई जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण हुने गरी दिगोपना कायम गरिनेछ।

(ख) **शिक्षा**

- ❖ स्थानीय पाठ्यक्रम (चाम्लिङ वाम्बुले र तिलुङ) निर्माण गर्न एक कार्यदल गठन भई कार्यन्वयन चरणमा रहेको लाई तिव्रता दिईनेछ।
- ❖ अनुगमन सुचुक विकास गरि अनुगमनलाई व्यवहारिक र प्रभावकारी निरन्तरता दिईनेछ।
- ❖ अनलाई प्रणाली मार्फत सूचना प्रवाह हुने व्यवस्था गरी प्रणालीलाई योजना निर्माण, कार्यन्वयन र अनुगमनमा प्रयोग गरिनेछ।
- ❖ एक विद्यालय एक पुस्तकालय नितीलाई व्यवस्थित गर्दै लगिनेछ।
- ❖ कोभिड तथा अन्य विपद्का कारणले विद्यालयको पठनपाठनमा पर्न सक्ने प्रभावलाई वैकल्पिक शिक्षण सहजीकरण अपनाईनेछ।
- ❖ सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूले महिनावारिको कारणले शिक्षाबाट बञ्चित हुनु नपरोस भनी स्थानीय स्तरमै निर्माण गरि पूर्ण प्रयोग गर्न सकिने स्यानिटरी प्याड उत्पान गरी वितरण गर्दै आएकोमा थप प्रभाकारी बनाईनेछ।
- ❖ नगर शिक्षकलाई निरन्तरता दिईनेछ।
- ❖ विज्ञान तथा प्रविधिको उच्च शिक्षाका लागि वैज्ञानिक तथा प्राविधिक धारका विद्यार्थीहरूलाई प्रोत्साहित गरिनेछ।
- ❖ नमुना बालविकास केन्द्र स्थापनाको नीति अबलम्बन गर्दै बाल विकास सहजकर्ताहरूलाई प्रोत्साहन कार्यक्रमको व्यवस्थालाई थप व्यवस्थित गर्दै लगिनेछ।
- ❖ विद्यार्थीहरूको दिवा खाजा कार्यफम प्रभावकारी बनाउन स्थानीय उत्पादनलाई प्राथमिकता दिईनेछ।
- ❖ शिक्षक तथा कर्मचारीको क्षमता विकास तालिम सञ्चालन गरी कार्य सम्पादनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।
- ❖ सबै तहको विद्यालयहरूमा यस आ.वं मा इन्टरनेट, ल्यापटप, कम्प्युटर र प्रिन्टरको व्यवस्था गरी प्रविधिमैत्री विद्यालय बनाईनेछ।
- ❖ स्थानीय भाषा चाम्लिङ्ग वाम्वुले तिलुङ र मगर भाषा कक्षा सञ्चालन गर्ने विद्यालयहरूलाई एकमुष्ट अनुदान दिई प्रोत्साहित गरिनेछ।

- नगरपालिका भित्रको न्यून आय भएको पत्रकारिता लगायत अन्य विषयमा PHD गर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराईनेछ ।

(ग) **स्वास्थ्य**

- पूर्ण बर्थिङ सेन्टर युक्त नगरपालिका घोषण भईसकेकोले थप गुणस्तरीय बनाउदै लगिनेछ ।
- गर्भवति, सुत्केरी महिलासंग स्वास्थ्य अवस्था बुझ्न फोनिङ कार्यक्रम सञ्चालन लागु गर्दै शुन्य होम डेलिभरी वडा घोषणा गरिदै लगिनेछ ।
- गम्भिर प्रकृतिका रोगहरूको उपचार्थ सहयोग कार्यविधि बमोजिम कार्यन्वयन प्रक्रयालाई निरन्तरता दिईनेछ।
- पठेघर खसेका महिलाहरूको पहिचान गर्न शिविर सञ्चालन गरिने छ।
- नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई समुदायहरूस्तरमा बृहत जानकारी गराईनेछ ।
- पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिदै लगिनेछ ।
- नगर अस्पताललाई x-Rey मिसिन Ambulance, Lab लगायत अत्यावश्यक औषधि उपकरणहरूको व्यवस्था गरी आधारभुत स्वास्थ्य सेवा पुरा गरिने छ ।
- कोभिड रोकथाम तथा नियन्त्रण गर्नको लागि सबै स्रोत साधनको परिचालन गरिने छ ।

आयुर्वेद स्वास्थ्य नीति

- हलेसी आयुर्वेद औषधालयले सञ्चालन गर्दै आईरहेको पंचकर्म सेवा निरन्तरता दिईनेछ ।
- आयुर्वेद तथा पूरक चिकित्सालाई समसामयिक विकास गर्दे सुशासनको प्रत्यभूत हुने गरी सेवालाई गुणस्तरीय, सर्वसुलभ, हरेक नागरिकको पहुँच, विकास दिगो विकास गर्न आवश्यक सुदृढ व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरमा उपलब्ध जडिबुटि, सितल चिनी र कुरिलो खेति गरिनेछ ।

(घ) **लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण**

- नगरपालिकाबाट प्रदान गरिने महिला स्वास्थ्य स्वयमसेविकाहरू तथा बालविकास केन्द्रमा कार्यरत सहयोगि कार्यकर्ताका लागि प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सडक बालबालिका, आमा बुबा गुमाएका, असहाय अनाथ बालबालिकालाई उचित स्याहार सुसारको व्यवस्था मिलाईनेछ ।
- लैंङ्गिक हिंसा निवारण कोष स्थापना निरन्तरता दिईनेछ ।
- नगरपालिकाको कूल पूँजीगत बजेटमा महिलाहरूको प्रत्यक्ष लाभमा कम्तिमा ३३ प्रतिशत रकम खर्चलाई सुनिश्चित गरिनेछ।
- एकल महिलाहरूको लागि विनियोजन गरिएको बजेटलाई सिप विकास तथा जिपिकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- आमा समूहलाई विऊ पूजीँ घुम्ति कोष कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- आमा समूह तथा सहकारी भवन निर्माण प्रक्रियालाई निरन्तरता दिईने छ ।

- ❖ मानव निर्मित तथा प्रकृतिक प्रकोपको अवस्थमा महिला बालबालिबका तथा जेष्ठ नागरिकका लागि संरक्षण कोषको व्यवस्था गरिनेछ ।
- ❖ बालिकाको स्वास्थ्य, शिक्षा र पोषणको लागि बालिकाका बचत कोष कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ महिला उद्यमी व्यवसायहरूको लागि दर्ता नविकरण, व्यवसाय प्रवर्द्धन लगायतका विविध विषयमा दर्ता शुल्कमा छुट गरिनेछ ।
- ❖ एक वडा एक महिला सहकारीलाई निरन्तरता दिईनेछ ।
- ❖ लैङ्गिक तथा घरेलुहिँसा न्यूनीकरणको लागि चेतनामुलक कार्यक्रम साथ वैदेशिक रोजगारमा गएका घरपरिवारलाई मनोसामाजिक परामर्श सेवालाई अझ प्रभावकारी बनाईने छ ।
- ❖ महिलाहरूले पराम्परागत रूपमा गर्दै आईरहेको घरायसी कार्यबोझ घटाउन आवश्यताको आधारमा प्रविधिमैत्री प्रक्रियालाई अवलम्बन अपाईनेछ ।
- ❖ बालविवाह मुक्त नगर घोषणा गर्न विशेष जोड दिईने छ ।
- ❖ सिल्पी समुदायका लागि अधुनिक तथा प्रविधिमैत्री विकासमा विशेष जोड दिईने छ ।
- ❖ जेष्ठ नागरिक सम्मान, संक्षरण तथा ज्ञान सिपलाई पुस्तान्तरणका लागि विशेष जोड दिईनेछ ।
- ❖ महिला प्रजनन स्वास्थ्यलाई शिशु स्याहार कार्यसँग आवद्ध गराई विगत दपलब्ध गराउँदै आएको प्रसुति सुविधा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ अपाङ्ग परिचयपत्र वितरणको लागि शिविर सञ्चालन साथ साथै ग र घ लाई जिविकोपार्जन कार्यक्रम व्यवस्था गरिनेछ ।
- ❖ कोशेली घरको निर्माण गरी स्थानीय उत्पादित बस्तुहरूलाई बिक्री वितरणको व्यवस्था मिलाईने छ ।

३. पूर्वाधार विकास

(क) सिँचाई

- ❖ पोखरी वा जलाशयमा भण्डारण गरी थोपा तथा फोहोरा जस्ता प्रविधिलाई प्राथमिकता साथ उपयोग गरिनेछ ।
- ❖ साना सिँचाई, लिफ्ट सिँचाई, सतह सिँचाईजस्ता प्रविधि कार्यान्वयनको चरणमा रहेको हुदाँ थप निरन्तरता दिँदै क्षेत्र विस्तार गरिनेछ।

(ख) सडक

- ❖ नगरपालिका भित्रका सडकलाई पर्यटकीय सडक, नगरस्तरीय, कृषिजन्य सडकलाई स्तरोन्नत्ती गरि वातावरण मैत्री सडकमा जोड दिईनेछ ।
- ❖ नगरपालिका भित्र निर्माण भएका स्तरोन्नत्ति, ग्रिन टेक्नोलोजी, वायो इन्जीनेरिङ र सडक विभागले तोकेको सडक अधिकार क्षेत्रको नीतिलाई अबलम्वन गरिनेछ ।
- ❖ नगरभित्र रिङरोड तथा कोशी कोरीडोरको सम्भाव्यता अध्ययन गरि निमार्ण कार्य भइरहेको हुँदा थप

निरन्तरता दिइनेछ।

- ❖ सडकको पहुच भन्दा बाहिरा रहेको वस्तिहरूलाई उच्च प्रथामिक राखि सडक विस्तार गरिनेछ।

(ग) भवन अन्य भौतिक पूर्वाधार

- ❖ नगरपालिका क्षेत्रमा हुने विकास निर्माणका कार्यहरूलाई वातावरण सुहाउदो, सुरक्षित स्वस्थकर, सुविधाजनक र सुव्यवस्तीत बस्ति विकास भवन निर्माण सम्बन्धित आधारभुत मार्गदर्शन २०७२ / भवन निर्माण विनियम २०७४ लागु गरिनेछ।
- ❖ नगरपालिका भित्र निर्माण हुने भौतिक संरचना अपाङ्गमैत्री, बालमैत्रीको अवधारणलाई अवलम्बन गरिनेछ।

(घ) विद्युत तथा वैकल्पिक उर्जा

- ❖ गत आ.व. मा उज्योलो नगर घोषणाको लागि आवश्यक बजेट र कार्यक्रम तय भए पनि कोभिड महामारीले प्रभावित भएकोले यस आवमा उज्योलो नगर घोषण गरिनेछ।
- ❖ लिप्टिङ प्रविधिबाट खानेपानी तथा सिचाईका लागि हाईटेनसन लाईन विस्तारको क्रममा रहेको हुँदा आवश्यक क्षेत्रको पहिचान गरी वितरण गरिनेछ।
- ❖ नगरपालिकाले विद्युत विस्तारसँगै सडक सोलार बत्ती जडानको काम जारी राखेकाले सडक सोलार बत्ती जडानको काम विस्तार गरिनेछ।

४. वन वातावरण तथा विपद् व्यवस्थापन

(क) विपदव्यवस्थापन/जलवायु परिवर्तन

- ❖ विपद् व्यवास्थापन कोषमा आवश्यक पुजीको व्यवस्था गरी विपद् व्यवस्थान कार्यविधि अनुरूप परिचालन गरिनेछ।
- ❖ विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरूलाई प्राथमिकता दिई सहजीकरण र सहकार्य गरिनेछ।
- ❖ जलवायू परिवर्तन न्यूनिकरणका लागि हरित विकासको अवधारण अवलम्बन गर्ने र स्वाच्छ उर्जा प्रवर्द्धन गर्ने नीति लिईने छ।

(ख) वन तथा भु-संरक्षण

- ❖ नगरपालिका भित्र रहेका सामुदायिक वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धि नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन गरिनेछ।

(ग) फोहरमैला व्यवस्थापन/वातावरण संरक्षण

- ❖ फोहोरमैला व्यवस्थापन प्रणालीलाई आधुनिक प्रणालीमा आधारित यान्त्राशालाहरूको प्रयोग गरी प्रभावकारी बनाउदै धार्मिक स्थल सडक टोल र अन्य सार्वजनिक स्थलमा फोहोरमैला हुन नदिनईने गरी व्यवस्थापन गरिनेछ।

- ❖ हरित अर्थतन्त्रको विकासको लागि सरोकारवालाहरू परिचालन गरी वातावरण विकासमा क्षेत्रगत कार्यक्रमहरूलाई मूलप्रभाहीकरण गरिनेछ।
- ❖ फोहोरमैला व्यवस्थापनको लागि स्थानीय संघ संस्थासँगको समन्वयमा प्रभावकारी व्यवस्थापन गरिनेछ।

५. सुशासन तथा संस्थागत विकास

(क) मावन संशाधन विकास

- ❖ नगरपालिकाकोसँगठन संरचनालाई पुनरावलोकन गरी सबै तहका कर्मचारीहरूको कार्यविवरण बनाई लागू गरिनेछ। कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- ❖ नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ। प्रशासनिक स्वच्छता र निश्पक्षता नगरपालिकाको ध्येय हुनेछ।
- ❖ न्यायिक सतिति तथा मेलमिलाप कर्ताहरूको लागि क्षमता विकास तालिम कार्यक्रमलाई विशेष व्यवस्था गरिने छ।

(ख) सुशासन प्रवर्द्धन

- ❖ नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास कार्यहरूको प्रभावकारी अनुगमनको लागि सरोकारवाला सबै पक्षको सहभागिता गराई अनुगमन गरिने नीति लिइनेछ।
- ❖ न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ।
- ❖ नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरूलाई परदर्शी, पहुचयोग्य हुने गरी व्यवस्था मिलाई, प्रविधिमैत्री बनाउन कार्यविधि र कार्यशैलीमा परिवर्तन गरिनेछ।

(ग) स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन

- ❖ स्थानीय राजपत्र र नगरको गतिविधिहरूको प्रकाशन र प्रशासनलाई नियमित रूपमा व्यवस्थित गर्दै लगिनेछ।
- ❖ अध्यायन अनुसन्धान अन्वेषन जस्ता कार्यमा उपलब्ध तथाङ्कको प्रयोगमा सहजता ल्याउन विद्युतिय रूपमा सार्वजनिक हुने सुचना तथा तथाङ्क खुल्ला सरकारी अवधारणा अनुसार प्रशासन गरिनेछ।

(घ) अनुसन्धान तथा विकास

- ❖ तुलानात्मक रूपमा विकासका सम्भावना बढी भएका क्षेत्रहरूमा अनुसन्धान र विकासलाई संस्थागत गर्दै उत्पदान र उत्पादकत्वमा जोड दिईने छ।

(ङ) राजश्व

- ❖ आन्तरिक श्रोतसाधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करको दायरा विस्तार र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ।

- वडा कार्यालयलाई सशक्त र प्रभावकारी बनाउनका लागि वडास्तरीय पूर्वाधार निर्माण र सेवा सञ्चालनको लागि न्यूनतम निःशर्त विकास अनुदान उपलब्ध गराइने छ। तोकिएको सीमाभन्दा बढी राजस्व परिचालन गर्ने वडा कार्यालयहरूलाई राजस्व परिचालनको आधारमा थप बजेट निकासा गरिनेछ। कर परिचालनलाई प्रभावकारी बनाउनका लागि सम्बन्धित वडाका जनप्रतिनिधि तथा कर्मचारीलाई प्रोत्साहन गरिनेछ।
- यस नगरपालिका भित्र व्यवसायि गरी सबै भन्दा बढी कर दाखिला गर्ने करदातालाई सम्मान गर्ने नीति लिईनेछ।
- निकासी पैठारी वनजन्य कृषि जन्य ढुङ्गा वालुवा व्यवसाय दर्ता फोहोरमैला कर संकलन गरी राजश्वको दायरा वृद्धि गर्नुका साथै राजश्व संकलनमा सरल सहज बनाईने छ।
- नगरपालिका क्षेत्र भित्र रहेका खाली जग्गाहरूलाई अधिकत्तम प्रयोगमा ल्याउनका लागि सार्वजनिक जग्गाहरूको अभिलेख तयार गरि आवश्यकता अनुसार कृषि हाट बजार तथा अन्य उपयोगी कामका लागि अधिकतम उपयोगमा ल्याई राजश्व वृद्धि गरिनेछ।

(च) सञ्चार तथा सूचना प्रविधि

- स्थानीय तथा जिल्लाबाट प्रकाशित छाप तथा विद्युतिय पत्रिकाहरूलाई लोक कल्याणकारी विज्ञापन उपलब्ध गराईनेछ।
- नगरपालिकाबाट प्रकाशित विज्ञापन तथा सूचना नगर र जिल्ला भित्रकै ऐजेन्सीलाई प्राथमिकता दिईनेछ।
- राम्रो हलेसी हाम्रो हलेसी रेडियो कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- पत्रकार महासंघ खोटाङको समन्वयमा स्थानीय स्तरमा पत्रकारिता तालिमा सञ्चालन गरिनेछ।
- नगरपालिकाबाट संचालन हुने योजनाहरूको तथ्याङहरूलाई व्यवस्थापन, विश्लेषण र प्रयोगमा प्रविधिमैत्री बनाइनेछ।
- सार्वजनिक खर्च तथा राजश्व सम्बन्धी जानकारी विद्युतीय माध्यमबाट सार्वजनिकीकरणको व्यवस्था गरिनेछ।सार्वजनीक खर्चको अनुगमन गर्ने प्रणाली स्थापना गरिनेछ।

(छ) युवा तथा खेलकुद

- एक पालिका एक खेलमैदानको अवधारण अनुरूप अन्तराष्ट्रिय मापदण्डको खेलमैदान निर्माण कार्यलाई पूर्णता दिईनेछ।
- एक वडा एक खेल मैदान निर्माण गरी खेलकुद विकास गरिनेछ।
- खेल संस्कृतिको विकास गर्न विद्यालय स्तर बाटै विभिन्न खेलकुद कार्यक्रमहरू नियमित सञ्चालन गर्न खेलकुद प्रशिक्षकको व्यवस्थालाई निरन्तरता दिईने छ।
